प्रदेश सरकार
भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
कृषि बिकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, लमजुङ
गण्डकी प्रदेश, नेपाल
☎ ९७७-६६-५२०१३०
akclamjung@gmail.com
lamjung.akc.gov.np

प.स. ०७८/७९
च.नं.

# कार्यक्रम संचालनको लागि आवेदन/प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

मिति २०७८/०५/२७

कृषि ज्ञान केन्द्र, लमजुङको आ.व २०७८/७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपशिलका कार्यक्रम संचालन गर्न इच्छुक लमजुङ जिल्ला भित्रका कृषक, कृषि फर्म, कृषक समूह तथा सहकारी संस्थाले यो सूचना प्रकाशित भएको ३० दिन (मिति २०७८/०६/२७ भित्र) तोकिएको ढांचामा कार्यक्रम प्रस्ताव सहित तपशिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ ।

## तपशिल

### क) कृषक, कृषि फर्म, कृषि कम्पनी, कृषिसंग सम्बन्धित समूह तथा सहकारी संस्थाले प्रस्ताव गर्न मिल्ने कार्यक्रमहरुको विवरण

| क्र.सं | कार्यक्रमको नाम | अधिकतम अनुदान सहयोग | कार्यक्रम संख्या | बजेट रू हजारमा | मापदण्ड (आवेदकले अनिवार्य पालना गर्नुपर्ने) |
|---|---|---|---|---|---|
| १ | बाँझो जग्गामा व्यवसायिक खेती प्रोत्साहन कार्यक्रम | प्रति रोपनी रू ३,००० उपलब्ध गराउन सकिने | १० हेक्टर | ६०० | विविध कारणले ३ वर्षदेखि बांझो रहेको, न्युनतम ३ रोपनी क्षेत्रफल भएको जग्गा हुनुपर्नेछ। |
| २ | व्यवसायिक फलफूल बगैंचा सुधार कार्यक्रम | प्रति रोपनी रू ५,००० उपलब्ध गराउन सकिने | १० | १००० | न्युनतम ३ रोपनी क्षेत्रफलमा व्यवसायिक फलफूल खेती गरेको हुनुपर्नेछ। |
| ३ | क्षेत्रफलका आधारमा तरकारी उत्पादनमा प्रोत्साहन सहयोग कार्यक्रम | प्रति रोपनी वा प्रति १०० वर्ग मिटर क्षेत्रफलमा रु ३००० | १० | ६०० | प्लाष्टिक घरभित्र कम्तिमा २०० वर्ग मिटरमा वा खुल्ला २ रोपनी क्षेत्रफलमा २ सिजन व्यवसायिक तरकारी खेती गरेको हुनुपर्नेछ। |
| ४ | कृषि यान्त्रिकरण अनुदानमा वितरण कार्यक्रम | खरिद मुल्यको बढीमा ७५% अनुदान (अधिकतमा रु ८००००) | १५ | १२०० | कृषि सहकारी, कृषक समूह र व्यवसायिक कृषकलाइ प्राथमिकता दिइनेछ। |
| ५ | आधुनिक नर्सरी निर्माण तथा प्रवर्दन कार्यक्रम (सुन्तलाजात, तरकारी, कफी आदी) | प्रति नर्सरी रू ५००००० | २ | १००० | सुन्तलाजात फलफूलको हकमा निर्माण हुने नर्सरी समुद्र सतहबाट कम्तिमा १००० मि माथि हुनपर्नेछ। |
| ६ | बालीको बिमा शुल्कमा २५ प्रतिशत अनुदान | कुल बिमा शूल्कको २५% अनुदान | ३ पटक | ६०० | आ.व २०७८/०७९ मा कृषि सम्बन्धि विमा गरेका आवेदकहरुले आवेदन पेश गर्न सक्नेछन। |

### ख) कृषिसंग सम्बन्धित समूह तथा सहकारी संस्थाले प्रस्ताव गर्न मिल्ने कार्यक्रमहरुको विवरण

| क्र.सं | कार्यक्रमको नाम | अधिकतम अनुदान सहयोग | कार्यक्रम संख्या | बजेट रू हजारमा | मापदण्ड (आवेदकले अनिवार्य पालना गर्नुपर्ने) |
|---|---|---|---|---|---|
| ७ | विशेष बाली प्रवर्दन कार्यक्रम (धान, मकै, तोरी, कोदो आदी) | कुल लागतको बढिमा ९० प्रतिशत | १२.५ हेक्टर | १२५० | कम्तिमा १० घरधुरी संलग्न भइ घटीमा २० रोपनी क्षेत्रफलमा खेती गरेको हुनु पर्नेछ। |

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, लमजुङ

गण्डकी प्रदेश, नेपाल

☎ ९७७-६६-५२०१३०
✉ akclamjung@gmail.com
lamjung.akc.gov.np

प.स. ०७८/७९

च.नं.

| क्र.सं | कार्यक्रमको नाम | अधिकतम अनुदान सहयोग | कार्यक्रम संख्या | बजेट रू हजारमा | मापदण्ड (आवेदकले अनिवार्य पालना गर्नुपर्ने) |
|---|---|---|---|---|---|
| ८ | आलुखेती प्रवर्दन विशेष कार्यक्रम | कुल लागतको बढिमा ९० प्रतिशत | ३० हेक्टर | ३००० | एउटा क्लष्टरमा कम्तिमा १० घरधुरी संलग्न भइ प्रत्येक घरधुरीले कम्तीमा ३ रोपनी क्षेत्रफलमा आलुखेती गर्नुपर्नेछ। |
| ९ | विभिन्न खाद्धान्न बालीको बीज वृद्दी कार्यक्रम | प्रति रोपनी रु २५०० | १० हेक्टर | ५०० | धान, मकै, गहुं जस्ता बालीको क्लष्टरमा विउ उत्पादन गर्नुपर्नेछ। |
| १० | कृषि उपज बिक्री केन्द्र सुदृढिकरण कार्यक्रम | प्रति उपज केन्द्र रु १००००० | ३ वटा | ३०० | व्यवसायिक कृषि उपज उत्पादन हुने क्षेत्रलाइ प्राथमिकता दिइनेछ। |
| ११ | ग्रामीण पोषण सुरक्षण कार्यक्रम (खाद्ध तथा पोषण) | कुल लागतको बढिमा ९० प्रतिशत अनुदान | ६ वटा | ३००० | एउटा क्लष्टरमा कम्तिमा १० घरधुरी संलग्न भइ प्लाष्टिक घर निर्माण, भकारो सुधार, मौरी पालन, फलफुलका बिरुवा रोपण, च्याउ घर निर्माण गर्नुपर्नेछ। |
| १२ | साना सिँचाइ कार्यक्रम संचालन (निर्माण तथा मर्मत) | कुल लागतको बढिमा ९० प्रतिशत अनुदान | २१ वटा | ४२०० | प्रत्येक सिंचाइ योजनाबाट न्यूनतम १० रोपनी क्षेत्रफल सिंचित हुनुपर्नेछ र निर्माण कार्य अनुदानग्राही आंफैले गर्नुपर्नेछ। |

**आवश्यक कागजातहरु**

१) रु १० को हुलाक टिकट टाँस गरेको निवेदन
२) प्रस्तावना फारम
३) नेपाली नागरिकताको प्रमाणपत्र
४) जग्गा धनीको लालपुर्जाको प्रतिलिपि वा भाडाको जग्गा भए जग्गा करारनामा सम्झौताको प्रतिलिपि
५) वडा कार्यालयको सिफारिश पत्र
६) सम्बन्धित पालिकाको कृषि शाखाको सिफारिश पत्र
७) फर्म, समूह, संस्था, समिति, कम्पनी वा सहकारीले देहायका कागजातहरु संलग्न गर्नुपर्नेछ
   - दर्ता/स्थापना सम्बन्धि कागजातको प्रतिलिपि
   - गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन
   - नविकरण गर्नुपर्ने भएमा नविकरण प्रमाणपत्रको प्रतिलिपि
   - कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
   - स्थायी लेखा नम्बरको प्रमाणपत्रको प्रतिलिपि
   - अघिल्ला दुइ आर्थिक वर्षमा अनुदानको लागि प्रस्ताव आव्हान गरिएकोमा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे वा नगरेको स्वघोषणा पत्र

**माथि उल्लेखित कार्यक्रमहरु प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धि एकिकृत कार्यविधि, २०७७ र कार्यक्रम कार्यान्वयन स्वीकृत/संशोधन कार्यविधि बमोजिम हुनेछन् ।**

पुनश्च : उल्लेखित मितिभित्र आवश्यक कागजात र प्रकृया नपुगेका आवेदनहरुमाथी कुनै प्रकृया अघि बढ्ने छैन ।

सम्पर्क: कृषि ज्ञान केन्द्र, लम्जुङ ०६६-५२०१००, ०६६-५२०१३०, ९८४६६१७८४९, ९८४६१९६४०२, ९८४६०९९७१९